कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्याः ३/१/२०८२/०८३ (प्रशासन) च.सं.: मिति : २०८२/०९/१७

**स्तर वृद्धिका लागि निवेदन पेस गर्ने सम्बन्धी सूचना।**

**सूचना प्रकाशित मिति २०८२।०९।१८**

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ बमोजिम कर्णाली प्रदेश निजामती सेवाका कर्मचारीहरूले पाँचौं र सातौं तहबाट क्रमशः छैटौं र आठौं तहमा स्तरवृद्धिका लागि कार्यरत सम्वन्धित मन्त्रालय, सचिवालय, आयोग तथा केन्द्रीय निकायमा तथा नवौं तहबाट दशौं तहमा स्तरवृद्धिका लागि यस मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र सोही ऐनको दफा २७(४) मा उल्लेख भए अनुसार दफा ११२ बमोजिम सजायको अभिलेख नभएको तहविहीन निजामती कर्मचारीले अख्तियारवाला समक्ष यो सूचना प्रकाशित भएको मिति देखि मिति २०८२/०९/३० गते भित्र सोही ऐन (संशोधन समेत) को दफा २७ तथा २७क बमोजिम स्तर वृद्धिका लागि तपसिलको कागजातसहित निवेदन पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. सक्कल निवेदन।
२. हालको पदमा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
५. समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि।
६. अद्यावधिक वैयक्तिक विवरण (PIS) को प्रतिलिपि।
७. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम। (पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण)
८. हालसम्म विभागीय कारबाही नपरेको तथा प्रचलित कानून बमोजिम स्तर वृद्धिको लागि अयोग्य नरहेको स्वघोषणा।

शाखा अधिकृत



CamScanner